भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको ६३ औं बैठकका निर्णयहरु :

**<u>निर्णय नं १</u>** :

यस भगवतीमाई गाउँपालिकाका विषयगत शाखा तथा समितिबाट मस्यौदा भई स्वीकृतिको लागि यस कार्यपालिकामा पेश भएका तपसिलका विधेयक तथा कार्यविधि स्वीकृत गरी पारितको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

१ भगवतीमाई गाउँपालिकाको आर्थिक कार्यविधि सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६

२ भगवतीमाई गाउँपालिकाको कृषि विधेयक २०७६

३ भगवतीमाई गाउँपालिकाको व्यवसाय कर सम्वन्धी कार्यविधि २०७६

४ भगवतीमाई गाउँपालिकामा स्थानीय कृषि स्रोत व्यक्ति विकास तथा परिचालन कार्यविधि २०७६

**<u>निर्णय नं २</u>** :

यस भगवतीमाई गाउँपालिकाको राजश्व परामर्श समितिमा एक जना सदस्य रिक्त रहेको हुँदा उक्त स्थानमा गाउँ कार्यपालिका सदस्य श्री पवित्रा नेपालीलाई मनोनयन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ३</u>** :

गाउँ कार्यपालिकाको कार्यालयमा रिक्त कार्यालय सहयोगी करार पद २ रिक्त रहेको हुँदा पदपुर्तीको लागि गाउँ कार्यपालिकाको पदपूर्ति समितिलाई निर्देशन गर्ने ।

**<u>निर्णय नं ४</u>** :

गाउँ कार्यपालिका अन्तर्गत पूर्वाधार विकास तथा वातावरण शाखामा कार्यबोभः बढी भएको हुँदा योजना तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि थप एक जना सब ईन्जिनियर पदमा करारमा लिन आवश्यक देखिएको हुँदा मिति २०७६।०९।१० गते सिफारिस भएका सब ईन्जिनियर पदका वैकल्पिक उम्मेदवारहरु मध्ये योग्यताक्रमका आधारमा एक जना सब ईन्जिनियर करार सेवामा लिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

**<u>निर्णय नं ५</u>**

यस भगवतीमाई गाउँपालिका वडा नं १ साविक पगनाथ गा वि स वडा नं १ मा रहेको तपसिल बमोजिमको जग्गा भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालयको नाममा दान दातव्य स्वरुप पास गर्न सम्वन्धित जग्गाधनी मञ्जुर रहेको हुँदा उक्त जग्गा भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालयको नाममा पास गर्ने । उक्त जग्गा पास गर्न वडा सचिव श्री मानबहादुर थापालाई प्रतिनिध तोक्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र स | जग्गा धनीको नाम | ठेगाना | जग्गाको कित्ता नं | ठेगाना | जम्मा क्षेत्रफल | पास गर्ने क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मदन प्रकाश थापा | भगवतीमाई १ | ६६ | साविक पगनाथ १ | १०१० | १०१० | |
| २ | पुर्णबहादुर थापा र दानबहादुर थापा | भगवतीमाई १ | ३३२ | साविक पगनाथ २ | २५४० | २५४० | |
| | जम्मा | | | | | | |

**निर्णय नं ६ :**

यस भगवतीमाई गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकाको केन्द्र वेस्तडामा एउटा दुध डेरी स्थापना स्थापना गर्ने अनुदान कार्यक्रम अनुसार भगवतीमाई गाउँपालिका वडा नं ६ को पौरखी कृषि सहकारीले व्यावसायिक कार्य योजना सहित प्रस्ताव पेश गरेको हुँदा निजलाई दुध डेरी स्थापनाको लागि अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ७ :**

यस गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार वडा नं ७ तप्लुङ्गमा रहेको श्री ने रा आ वि ३ कोठे भवन तला थप योजनालाई संशोधन गरी ने रा आ वि २ कोठे भवन निर्माण कायम गर्ने र अपुग रकम रु २०००००। थप गरी रु १८०००००। विनियोजन गर्न गाउँसभामा प्रस्ताव पेश गर्ने ।

**निर्णय नं ८ :**

यस भगवतीमाई गाउँपालिका भित्रका तपसिलका व्यक्तिले उपचार खर्चको लागि आर्थिक सहायता माग गरेको हुँदा देहाय वमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र स | सहयोग माग गर्ने नाम | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | रामबहादुर थापा | भगवतीमाई १ | १५०००। | पेटको क्यान्सर |
| २ | नारायण प्रसाद रेग्मी (निर्मला रेग्मीको बुबा) | भगवतीमाई ३ | २००००। | |

**निर्णय नं ९ :**

यस भगवतीमाई गाउँपालिकाबाट संचालित तपसिलका स्थानमा सडक निर्माणको क्रममा घर जग्गा तथा वस्ती जोखिममा परेको र संरक्षणको लागि सम्वन्धित घर तथा जग्गाधनीको निवेदन परेकोले प्राविधिक खटाई साईट निरीक्षण पश्चात निर्णय गर्ने

| क्र स | स्थान | घर वा जग्गाधनीको नाम | ठेगाना |
|---|---|---|---|
| १ | पान्तोला खाल्ट्या ढुङ्गा | | भगवतीमाई ६ |
| २ | बालुवा | | भगवतीमाई ६ |
| ३ | काप्रा | बखतबहादुर थापा | भगवतीमाई १ |

**निर्णय नं १०**

यस भगवतीमाई गाउँपालिका वडा नं १ साविक पगनाथ गा वि स वडा नं १ मा रहेको तपसिल बमोजिमको जग्गा भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालयको नाममा दान दातव्य स्वरुप पास गर्न सम्वन्धित जग्गाधनी मञ्जुर रहेको हुँदा उक्त जग्गा भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालयको नाममा पास गर्ने । उक्त जग्गा पास गर्न वडा सचिव श्री मानबहादुर थापालाई प्रतिनिध तोक्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र स | जग्गा धनीको नाम | ठेगाना | जग्गाको किता नं | ठेगाना | जम्मा क्षेत्रफल | पास गर्ने क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | लक्ष्मी थापा | भगवतीमाई १ | | साविक पगनाथ १ | | | |
| | जम्मा | | | | | | |